नेपाल सरकार
**गृह मन्त्रालय**
काठमाडौं, नेपाल

Governmen of Nepal
**Ministry of Home Affairs**
Kathmandu, Nepal

# माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको १९१ दिन (मिति २०८२ भाद्र ३० देखि २०८२ चैत्र ११ सम्म)

# १९१ दिने

# कार्यकालको उपलब्धिहरू



- जेन जी जनआन्दोलनका शहिद परिवार र घाईतेलाई राहत
- शान्तिपूर्ण निर्वाचन
- शान्ति सुरक्षा व्यवस्थापन, सुशासन
- कानून, मापदण्ड, कार्यविधि तर्जुमा/संशोधन
- सेवा प्रवाह
- विपद व्यवस्थापन
- वैदेशिक सम्बन्ध/ कुटनीति/ मानव अधिकार/समन्वय/सक्रियता

# पृष्ठभूमि

जेन-जी जनआन्दोलनपछि देशमा उत्पन्न भएको असामान्य र त्रासदी अवस्थाको बीचमा नागरिक सरकार गठन भएको हो।सरकार गठनको केही दिन पछि २०८२ भाद्र ३० मा मैले गृहमन्त्रीको जिम्मेवारी प्राप्त गरेँ। आजका दिनसम्म म १९१ दिन जिम्मेवारीमा रहें। मैले गृहमन्त्रीको पदमा कार्यभार सम्हाल्दाका सुरुका दिनमा देशको अवस्था अन्यौलपूर्ण थियो। देशमा नागरिकको जीउधन र शान्ति सुरक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी प्राप्त निकाय गृह मन्त्रालयमा रहेर कार्य गर्दा मेरा सामु मुख्य तीन कार्यभार थिए – (१) देशको शान्ति सुरक्षा स्थितिको सामान्यीकरण गर्ने, (२) सुशासन र सेवा प्रवाहको सुदृढिकरण, (३)निष्पक्ष निर्वाचन सम्पन्न गर्ने।

जेन-जी जनआन्दोलनमा ध्वस्त भएका भौतिक संरचनाको पुनर्निर्माण तथा वैकल्पिक व्यवस्था गरी सेवा सुचारु गर्ने देखिशान्ति सुरक्षाको भरपर्दो व्यवस्थापन गरी स्थितिको सामान्यीकरण गर्दै हिंसा भड्किन नदिन कानूनी राज्यको बहाली गर्नुपर्ने तथ्यलाई मध्यनजर गर्दै सुरक्षाकर्मी तथा राष्ट्रसेवकको खस्केको मनोबललाई बलियो बनाउँदै हामी अघि बढ्यौं।

निर्वाचन हुने वा नहुने भन्ने आशंकाबीच आवश्यक सुरक्षा तयारी, प्रशासनिक समन्वय र व्यवस्थापनमार्फत निर्धारित समयमै स्वच्छ, निष्पक्ष, भयरहित तथा रक्तपातविहीन ऐतिहासिक निर्वाचन सम्पन्न भएको छ।निर्वाचन लाई स्वतन्त्र, निष्पक्ष, भयरहित र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न देशव्यापी रूपमा मतदाताहरूले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता अभिव्यक्त भएको छ ।

निर्वाचन प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न आम नेपाली नागरिक, सम्पूर्ण मतदाता, उम्मेदवार, राजनीतिक दलका नेता तथा कार्यकर्ता, निर्वाचनमा संलग्न निजामती कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी,राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यवेक्षकलगायतको उत्तिकै योगदान रह्यो ।

सबैभन्दा महत्वपूर्ण विषय निर्वाचन पश्चात संविधानले सहि बाटो समातेको छ। जेनजी जनआन्दोलन पश्चातको अवस्थाबाट संविधानलाई सहि बाटोमा ल्याउन निर्वाचन अनिवार्य थियो जुन सम्पन्न भईसकेको छ। निर्वाचित सरकारलाई जिम्मेवारी सुम्पिदै गर्दा मेरो कार्यकाल(६ महिनाभन्दा केहिदिन बढि) मा मेरो नेतृत्वमा मन्त्रालयबाट भएका मुख्य मुख्य कार्यहरुलाई लिपिवद्ध गरी मन्त्रालयको सम्पत्ति र संस्थागत अभिलेखको रूपमा हस्तान्तरण गरेको छु।

यस अवधिमा जेनजी जनआन्दोलनका घाईतेहरुको उपचार र राहत व्यवस्थापन, सेवा प्रवाहमा सुधार, कानूनी तथा प्रशासनिक सुधार, सुरक्षा निकायको सुदृढीकरण, विपद व्यवस्थापन तथा अन्तरसंस्थागत समन्वय जस्ता क्षेत्रमा विभिन्न महत्त्वपूर्ण कार्यहरू सम्पन्न भएका छन् जसलाई विभिन्न क्लस्टरमा विभाजन गरी प्रस्तुत गरेको छु।

# क) जेन जी जनआन्दोलन र राहत

जेन-जी आन्दोलनको पृष्ठभूमिमा बनेको नागरिक सरकारले उक्त आन्दोलनलाई जन आन्दोलनको रुपमा आत्मसात गरी जेनजी पुस्तासँग सम्झौता गरी सम्झौता पूर्व र सम्झौता पश्चात आन्दोलनका मागहरु पूरा गर्न लागि पर्यौं।आन्दोलनमा सहादत प्राप्त गरेका सुशासन योद्धा तथा अमर प्रहरीहरुलाई शहीद घोषणा, शहीद परिवारलाई राहत प्रदान, घाईतेलाई उपचार, राहत आदिको लागि आवश्यकता अनुसार मन्त्रिपरिषदबाट निर्णय गराई काम गरिएको।

जेनजी जनआन्दोलनमा सहादत प्राप्त गरेका ४२ सुशासन योद्धा र ३ अमर प्रहरीलाई शहीद घोषणा गरिएको छ भने आन्दोलनका घाईते ७२९ जनालाई तत्काल राहत र भैपरी खर्च बापत रु. ३५ हजार का दरले वितरण भइसकेको छ। आन्दोलनका घाईते ७८६ जनालाई घाईते परिचयपत्र वितरण गरी वर्गीकरणबाट अति गम्भीर, गम्भीर र मध्यम श्रेणीमा वर्गीकृत भएका ३५६ जना घाईतेहरुलाई मासिक जिविकोपार्जन भत्ता वितरण सुरु भएको छ। त्यस्तै शहीदका आश्रित परिवारका सदस्यलाई जीवन निर्वाह वृत्ति उपलब्ध गराउने निर्णय कार्यान्वयनमा गइसकेको छ।

**१.१.** जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका ४२ सुशासन योद्धा र ३ अमर प्रहरीलाई शहीद घोषणा गरिएको र मृतकका ५३ परिवारलाई प्रति परिवार रु.१५ लाख राहत वितरण गरिएको,

**१.२.** जेन जी आन्दोलनमा अपाङ्ग तथा घाईते भएका व्यक्तिहरुलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०८२ मन्त्रिपरिषदबाट स्विकृत गरी कार्यान्वयन गरिएको,

**१.३.** जेनजी आन्दोलनका घाईतेहरुको उपचार र राहतलाई प्रभावकारी बनाउन मन्त्रालयको सहसचिवको संयोजकत्वमा समन्वय समिति गठन गरी आन्दोलनका घाईतेहरुको उपचार तथा राहत प्रदानमा आवश्यक समन्वय गरिएको,

**१.४.** जेन जी आन्दोलनका घाईतेलाई तत्काल भैपरी खर्च बापत रु. २० हजार र तत्काल राहत बापत रु.१५ हजार गरी प्रतिव्यक्ति रु. ३५ हजार वितरण गरिएको ।(७२९ जनालाई वितरण भएको), जेन जी आन्दोलनका जम्मा घाईते २५९९ मध्ये ७८६ जनालाई घाईते परिचयपत्र
वितरण भैसकेको छ साथै वितरण कार्य जारी छ,

**१.५.** स्वास्थ्य मन्त्रालयको समन्वयमा जेनजी आन्दोलनका घाइतेहरूलाई साधारण, मध्यम, गम्भीर र अति गम्भीर गरी ४ वर्गमा वर्गीकरण गरी वर्गीकृत घाईतेलाई २०८३ असारमसान्तसम्मको लागि आवश्यक रकम निकासा गरी मासिक जीविकोपार्जन भत्ता वितरण सुरु गरिएको (मध्यम घाईतेलाई रु. ४ हजार, गम्भीर घाईतेलाई रु.९ हजार र अति गम्भीर घाईतेलाई रु.१८ हजार मासिक) (हालसम्म वर्गीकरण भएका ३५६ जना मध्ये अतिगम्भीर २२ जना, गम्भीर २२ जना, मध्यम ६१ जना र सामान्य २०० जना),

**१.६** भवनको अग्रभागमा स्थापना गर्ने सम्बन्धमा शहरी विकास मन्त्रालयसँग समन्वय गरिएको,

**१.७.** प्रत्येक वर्ष भदौ २३ गते 'जेनजी शहीद दिवस' मनाउने सम्बन्धमा प्रस्ताव पेश गरी मन्त्रिपरिषदबाट निर्णय भए पश्चात २०८३ को वार्षिक क्यालेन्डरमा समेत जेनजी दिवस समावेश गरिएको,

**१.८.** जेनजी शहीद योद्धाका नामावली गृह मन्त्रालय, ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा र फोटो सहितको विवरण अन्तर्राष्ट्रिय विमानस्थलमा राखिएको,

**१.९.**जेन जी आन्दोलनका शहीद परिवार र घाईतेहरुको समस्या समाधानको लागि निजहरुसँग नियमित भेटघाट गरिएको,

**१.१०.**जेन जी सुशासन योद्धाका परिवारलाई रोजगारीको पहल गर्न श्रम तथा रोजगार मन्त्रालयसँग समन्वय गरी पत्राचार समेतगरिएको,

**१.११.** शहीदका सगोल परिवारका सदस्यहरुको प्राथमिकता क्रमानुसार क्रमश: पति, पत्नी, छोरा, छोरी र बाबु आमा मध्ये कुनै एकलाई मासिक जीवन निर्वाह वृत्ति बापत मासिक ७ हजार रकम उपलब्ध गराउने व्यवस्था गरिएको,

**१.१२.** जेन जी शहीद परिवारका तोकिएका सदस्यहरुलाई जिल्ला प्रशासन कार्यालयबाट शहीद परिवार परिचय पत्र वितरणको व्यवस्था मिलाईएको र उपत्यका बाहिरका जिल्लाका शहीद परिवारलाई समेत काठमाडौंबाट शहीद परिवार परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईएको,

# ख)निर्वाचन पूर्वतयारी सम्बन्धमा गरिएका मूख्य कार्यहरुः

सरकारलाई प्राप्त मुख्य म्यान्डेट नै स्वच्छ, निष्पक्ष र भयरहीत वातावरणमा निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्ने भएकोले निर्वाचनलाई अर्जुन दृष्टिमा राखेर तयारी अगाडि बढायौं। निर्वाचन सुरक्षा व्यवस्थाका लागि सातै प्रदेशमा सुरक्षा गोष्ठिको आयोजना गरी सुरु भएको यात्रा तोकिएको मितिमै स्वच्छ, निष्पक्ष र भयरहीत वातावरणमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएसँगै पूरा भएको छ।

निर्वाचन सुरक्षा तयारी तथा वस्तुस्थितिबारे जानकारी लिने क्रममा पूर्वी हिमाली जिल्ला देखि सुदुरपश्चिम सम्मका जिल्लाहरु गरी ३० भन्दा बढि जिल्लामा अनुगमन निरीक्षण गर्ने देखि उपत्यका आसपासका जिल्लाहरु काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट मकवानपुर लगायतका मतदान केन्द्रहरुमा स्थलगत अनुगमन मन्त्रालयका अधिकारीहरुसहित स्वयं पुगियो।

**२.१.** प्रतिनिधि सभा सदस्यनिर्वाचनलाई लक्षित गरी केन्द्रीय सुरक्षा समितिबाट एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ स्वीकृत गरी स्वच्छ, निष्पक्ष र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गरिएको,

**२.२.**जनताको घरदैलो नजिक रही सक्रिय रहेका राजनीतिक व्यक्ति पदाधिकारी प्रबुद्ध व्यक्ति एवं मतदाताहरुलाई उपयोग गरी स्वतन्त्र निष्पक्ष एवं भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गर्ने उद्देश्यका साथ सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धि गर्ने सम्बन्धी अवधारणा, २०८२ कार्यान्वयन गरिएको,

**२.३.** सातै प्रदेशमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न गरी चुस्त दुरुस्त शान्तिसुरक्षा कायम तथा निर्वाचन तयारी सम्बन्धमा सबल वातावरण तयार गरिएको,

**२.४.** मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गरी मतदाता नामावली संकलन गर्ने म्याद थप भई नयाँ मतदाता निर्वाचनमा सहभागी हुने प्रवन्ध गरिएको

**२.५.** प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो) संशोधन अध्यादेश, २०८२ जारी भएको । यसबाट समानुपातिकतर्फको निर्वाचन प्रणालीमा जनसङ्ख्याको नयाँ तथ्याङ्कका आधारमा समावेशी समूहहरूको प्रतिशत निर्धारण भएको,

**२.६.** मतदाता नामावलीमा समावेश हुने प्रकृयालाई सहज बनाई मतदाताको मतदानको अधिकार सुनिश्चित गर्न गृहमन्त्रालयको राष्ट्रिय परिचयपत्र प्रणाली र निर्वाचन आयोगको मतदाता नामावली प्रणालीलाई अन्तरआवद्दता गरिएको । (अन्तर आवद्दता मार्फत मात्र छोटो समयमा ४ लाख ९२ हजार मतदाता थपिएका),

**२.७.** संघ, प्रदेश र जिल्ला तहमा निर्वाचन सेल गठन गरिएको। प्रदेश स्तरमा निर्वाचनको तयारी तथा शान्ति सुरक्षाको सम्बन्धमा प्रदेशका प्रमुख सचिव तथा सुरक्षा निकायका पदाधिकारीसँग छलफल गरी निर्वाचन सुरक्षाको प्रत्याभूति गरिएको,

**२.८.** संवेदनशीलताको आधारमा मतदान केन्द्रहरुको वर्गीकरण गरी निर्वाचन लक्षित संयुक्त गस्ती परिचालन गरिएको,

**२.९.** प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्न गृह मन्त्रालय र मातहतका निकायहरुको लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्य प्रकृयामा कमी नगराएको,

**२.१०.** निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै व्यक्तिगत रुपमा राखिएका ईजाजतप्राप्त हातहतियारहरु(निर्वाचनको एक महिना अघि देखि निर्वाचन सम्पन्न भएको एक महिना सम्मको लागि ) संकलनका लागि जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरी ३ हजार भन्दा बढी हतियार संकलन गरिएको,

**२.११.** आवश्यकता अनुसार केन्द्रिय सुरक्षा समितिको बैठक बसी निर्वाचन सुरक्षा तयारीको विश्लेषण गरिएको (१६ पटक केन्द्रिय सुरक्षा समितिको बैठक बसेको),

**२.१२.** निर्वाचन आचारसंहिता पालना गराउने सन्दर्भमा ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृतको जिम्मेवारी निष्पक्ष रुपमा र निर्भिक भई कार्य गरिएको,

**२.१३.** निर्वाचन सुरक्षामा खटिएको समयमा सुरक्षाकर्मी तथा निर्वाचन प्रहरी नियुक्त भएको मिति देखि निर्वाचनमा खटिएको अवधिसम्म मृत्यु भएमा निजको आश्रित परिवारलाई २० लाख आर्थिक सहायता उपलब्ध गराउने गरी मन्त्रिपरिषद्बाट स्विकृत भएको। निर्वाचनमा परिचालित राष्ट्रसेवकहरुको रु २० लाखको वीमा गरिएको,

**२.१४.** निर्वाचन सुरक्षा तयारीको क्रममा पूर्वी हिमाली जिल्ला देखि सुदुरपश्चिमका सम्मका जिल्लाहरु गरी ३० भन्दा बढि जिल्लामा अनुगमन निरीक्षण गरिएको। सुरक्षा तयारीको वस्तुस्थिति बारे जानकारी लिन उपत्यका र उपत्यका आसपासका जिल्लाहरु काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट मकवानपुर लगायतका मतदान केन्द्रहरुको निरीक्षण गरिएको,

## ग)शान्ति सुरक्षा व्यवस्थापन, सुशासन

आन्दोलनपछिको राज्यविहीनताको अवस्थामा कानूनी राज्यको बहाली गराउनु निर्वाचनको पूर्वशर्त थियो।शान्ति सुरक्षाको भरपर्दो व्यवस्थापन नभई निर्वाचनको लागि राजनैतिक दल तथा मतदानको लागि नागरिकलाई तयार गर्न नसकिने तथ्यलाई मध्यनजर गरी देशको समग्र शान्ति सुरक्षा व्यवस्थापन र निर्वाचन केन्द्रीत शान्ति सुरक्षा व्यवस्थापनलाई केन्द्रमा राखी कार्य गरियो।

**३.१.** स्थितिलाई सामान्यीकरण गरी द्वन्द्व दोहरिन नदिने अवस्था निर्माण भएको र कानूनी राज्यको बहाली भएको,

**३.२.** पहुँचको आधारमा भईरहेको सरकारी ढुकुटी दोहन रोकी थिति बसाल्न मापदण्ड विपरीत खटिएका ५०९ सुरक्षाकर्मी र ८ वटा अगुवा पछुवा सवारीसाधनहरु फिर्ता गरिएको- यसबाट मासिक करिब २ करोड ५० लाख बराबरको  राज्यकोष रकम दुरुपयोग हुनबाट रोकिएको,

**३.३** आन्दोलनका क्रममा लुटिएका ७४८ हतियार तथा थप ३२ हतियार बरामद गरिएको यसबाट शान्ति सुरक्षा व्यवस्थापनमा सहयोग पुगेको,

**३.४.** जेन जी आन्दोलनका क्रममा फरार कैदीबन्दी मध्ये १०२४० लाई पक्राउ गरिएको, बाँकी ४,३०९ जनालाई विशेष अपरेशन मार्फत खोजी तीव्र पारिएको,

**३.५.** दण्डहीनतालाई दुरुत्साहन गर्दै भाद्र २३ र २४ गतेको घटनासँग सम्बन्धित अपराधको सिलसिलामा बिभिन्न कसूरमा ९३५ जनालाई पक्राउ गरिएको तथा ५१० जना उपर मुद्दा दायर गरिएको,

**३.६.** आन्दोलनमा क्षतिग्रस्त गृह मन्त्रालय अन्तर्गतका सबै कार्यालयहरुबाट सेवा सुचारु गरिएको,

**३.७.** सुरक्षा निकायहरुलाई निर्वाचन लक्षित सुरक्षा गतिविधि बढाउन सहज होस् भन्ने हेतुले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग लागि ३७७ वटा सवारी तथा सञ्चार साधन खरिद गर्न अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित गरी सवारी खरिद गरिएको। साथै भारत सरकारबाट अनुदानस्वरुप प्राप्त सवारी साधनहरु निर्वाचन आयोग,नेपाल प्रहरी, सशस्त्रप्रहरी, राष्ट्रिय अनुसन्धान लगायतका निकायमा उपलब्ध गराईएको,

**३.८.** नेपाल प्रहरीलाई निष्पक्ष रुपमा अनुसन्धान गर्न वातावरण निर्माण गरिएको जसले गर्दा नेपाल प्रहरी तथा त्यस अन्तर्गतको केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) ले ठूला आर्थिक अपराध सम्बन्धी कसुर सम्बन्धमा अनुसन्धान तथा अभियोजनमा सक्रियता बढाएको (जस्तै:- नेपाल ट्रष्ट जग्गा प्रकरण, प्रभु बैंक ठगी, Fake Rescueआदि),

**३.९.** तोकिएको समयमा कारागार नफर्किने फरार कैदीबन्दीहरुलाई कानूनी कारवाही गर्न सम्बन्धीत प्रहरी कार्यालय तथा सबै कारागार कार्यालयहरुलाई पत्राचार गरिएको,

**३.१०.** पछिल्लो समयमा तराई मधेशमा सतहमा देखिएको धार्मिक, सामाजिक सहिष्णुता बिग्रने खालका गतिविधिहरुलाई विभिन्न आयोग, निकाय, नागरिक समाज लगायतसँगको नियमित छलफल मार्फत समाधान गरी सामाजिक सहिष्णुता कायम गरिएको,

**३.११.** आवश्यकता अनुसार केन्द्रिय सुरक्षा समिति बैठक गरिएको,

**३.१२.** भारत सरकारबाट अनुदान स्वरुप प्राप्त सवारी साधनहरु नेपाल सरकारका विभिन्न निकाय र सुरक्षा निकायहरुलाई उपलब्ध गराईएको। यसबाट सुरक्षा निकायलाई निर्वाचन लक्षित गस्ति गर्न तथा सुरक्षाकर्मी परिचालनमा सहज भएको,

**३.१३.**सुरक्षा निकायको मनोबल बढाउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको O&M प्रतिवेदन स्वीकृत गरिएको,

**३.१४.**सुरक्षा निकायको मनोबल बढाउन नेपाल प्रहरीको रासन स्केल समयानुकुल र अन्य सुरक्षा निकायसरह वृद्धि गरिएको,

**३.१५.**नेपाल प्रहरीलाई भिड नियन्त्रणका सामग्री खरिद गर्न आवश्यक रकम व्यवस्थापन गरिएको गरी थप सुदृढ बनाईएको,

**३.१६.**सशस्त्र प्रहरी बल, नेपाल, दंगा नियन्त्रण रेजिमेन्ट गण, (बिलबरही) काठमाडौं स्तरोन्नती गरी संञ्चालनमा ल्याईएको जसबाट दंगा नियन्त्रण र व्यवस्थापनमा सहज हुने,

## घ ) कानून, मापदण्ड, कार्यविधि तर्जुमा/संशोधन

सेवा प्रवाहमा सुधार ल्याउन तथा निर्वाचनलाई लक्षित गरेर विभिन्न कानूनहरु तर्जुमा तथा संशोधनलाई तिव्रता प्रदान गरियो। यस ६ महिनाको अवधिमा गृह मन्त्रालयबाट मात्र ऐतिहासिक रुपमा २ दर्जनको हाराहारीमा कानूनहरु तर्जुमा तथा संशोधनको कार्य सम्पन्न भएको छ। यस अवधिमा ४ वटा अध्यादेश जारी भए, ७ वटा नियमावलीहरु संशोधन भए, १ वटा नियमावलीको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गरियो, ६ वटा कार्यविधी/मापदण्ड/मार्गदर्शन नयाँ स्वीकृत गरी लागू गरियो भने ५ वटा कार्यविधी/मापदण्ड/मार्गदर्शनमा आवश्यक संशोधन गरियो।

**४.१.** नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८२ अनुकुल नेपाल नागरिकता(चौथो संशोधन) नियमावली, २०८२ मन्त्रिपरिषदबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरिएको। यसबाट आमा र बाबु मध्ये एकको नागरिकता भएको र विदेशमा जन्मिएकाको नागरिकता प्राप्ति सहज भएको,

**४.२.** नेपाल विशेष सेवा ऐन,२०४२ संशोधन अध्यादेश जारी गरी नेपाल विशेष सेवा (२०औँ संशोधन) नियमावली मन्त्रिपरिषदबाट स्वीकृत भई राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत ल्याईएको, जसका कारण सुरक्षा निकायको समन्वयमा एकरुपता हुन गएको,

**४.३.** मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गरी मतदाता नामावली संकलन गर्ने म्याद थप भई नयाँ मतदाता निर्वाचनमा सहभागी हुने प्रवन्ध गरिएको

**४.४.** प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो) संशोधन अध्यादेश, २०८२ जारी गरिएको। यसबाट समानुपातिकतर्फको निर्वाचन प्रणालीमा जनसङ्ख्याको नयाँ तथ्याङ्कका आधारमा समावेशी समूहहरूको प्रतिशत निर्धारण भएको,

**४.५.**सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली २०८२ मन्त्रिपरिषदबाट स्वीकृत भएको। यसबाट विपदमा खटिने सशस्त्र प्रहरीलाई सेवा सुविधा थप गरिएको,

**४.६.**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण दोस्रो संशोधन नियमावली, २०८२ मन्त्रिपरिषदबाट स्वीकृत गरी व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रको विवरण एक पटकको लागि संशोधन गर्न सक्ने व्यवस्था गरिएको,

**४.७.** सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गरी सामाजिक सुरक्षाको नविकरण असोज मसान्तसम्म गर्न सकिने व्यवस्था गरिएको (साविकमा भदौ मसान्तसम्म गर्न सकिने व्यवस्था रहेको),

**४.८.** अध्यागमन नियमावली, २०५१ को अनुसूची-१२ मा हेरफेर गरी निषेधित क्षेत्रको रुपमा रहेको उपल्लो मुस्ताङमा जाँदा विदेशीले बुझाउनुपर्ने शुल्कमा परिमार्जन गरिएको। यसबाट उक्त क्षेत्रमा पर्यटन गतिविधी बढ्ने तथा उक्त नाका थप चलायमान हुने विश्वास लिईएको,

**४.९.** कारागार ऐन २०७९ बमोजिम नियमावली जारी गर्न आवश्यक भएकोले कारागार नियमावली, २०८२ तर्जुमा गरी मन्त्रिपरिषदबाट स्वीकृतिको लागि पेश गरिएको,

**४.१०.** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ स्वीकृत गरिएको । यसले सामाजिक सुरक्षा भत्ताको वितरण सूचना प्रविधी मैत्री तुल्याईएको,

**४.११.** विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान (पहिलो संशोधन) मापदण्ड, २०८२ स्वीकृत गरिएको। यसबाट अस्थायी आवास निर्माणको लागि सम्झौता भएको १८० दिनभित्र सम्पन्न गरिसक्नुपर्ने व्यवस्था गरिएको जसले अस्थायी आवास निर्माणलाई गति प्रदान गरेको,

**४.१२.** नेपाललाई सम्पति शुद्धीकरणको ग्रे लिस्टबाट बाहिर निकाल्ने सम्बन्धमा गृह मन्त्रालयको दायित्व पर्न जाने Targeted Financial Sanctions सम्बन्धी कार्यविधी स्वीकृत गरी लागू गरिएको,

**४.१३.** कसूरजन्य सम्पत्ति तथा साधन व्यवस्थापन सम्बन्धी मार्गदर्शन २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको यसबाट कसूरबाट प्राप्त सम्पत्ति तथा साधनको व्यवस्थापन तथा अन्य सरकारी निकायबाट गर्न सकिने प्रयोगलाई सहजीकरण गरेको,

**४.१४.** कसूरजन्य सम्पत्तिलाई जफत रोक्का सम्बन्धमा फरक-फरक ऐनहरुमा फरक-फरक कानूनी व्यवस्था रहेकोमा कसूरजन्य सम्पत्ति व्यवस्थापन ऐन २०७० बमोजिम तादम्यता मिलाउन २९ वटा विषयगत ऐनहरुलाई संशोधन गर्न संशोधन प्रस्ताव  तयार गरिएको,

## ङ)सेवा प्रवाह

सेवा प्रवाह सुधार अन्तर्गत गृह मन्त्रालय अन्तर्गतका कतिपय कार्यालय तथा भौतिक संरचनामा क्षति पुग्न गई सेवा सुचारु हुन नसकेको अवस्थामा मन्त्रालय र मन्त्रालय अन्तर्गतका विभाग तथा सुरक्षा निकायहरुमा तत्काल सुधार कार्ययोजना लागु गरी सेवा सुचारु गर्ने कार्यदेखि सेवा प्रवाहमा दीर्घकालमा सकारात्मक असर देखिने सम्मका कार्यहरु भएका छन्।
तत्काल सुधार कार्ययोजना अन्तर्गत जेन जी आन्दोलनमा क्षतिग्रस्त भएका मन्त्रालय अन्तर्गतका (जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, ईलाका प्रशासन कार्यालय) ४६५ कार्यालयको पुर्नःनिर्माण र संरचनामा सुधार गरी पूर्ण रूपमा सेवा प्रवाह सुचारु गरिएको छ।

**५.१.** तत्काल सुधार कार्ययोजना, २०८२ स्वीकृत गरी कार्यान्वयन गरिएको,

**५.२.** राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली(NIDMIS) सँग विभिन्न १२ वटा निकायको प्रणालीसँग अन्तरआवद्दता कायम गरिएको, ७ वटा निकायको प्रणालीसँग अन्तरआवद्दता परीक्षण अन्तिम चरणमा पुगेको र थप ८ वटा निकायबाट अन्तर-आवद्धताको लागि अनुरोध भएको,

**५.३.** प्रतिलिपि नागरिकताको सेवालाई शीघ्र र अनलाइन प्रणालीमा आधारित बनाउन विद्यमान प्रणालीमा प्रतिलिपि मोड्युल थप गर्ने कार्य अन्तिम चरणमा पुगेको,

माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको
१९१ दिन

**५.४.** सरकारी निकायहरूमा नागरिकले सेवा प्राप्तिका सन्दर्भमा आफ्नो विवरण पटक पटक दिनुपर्ने बाध्यताको अन्त्य गर्न गृह मन्त्रालय अन्तर्गतका ३ प्रणालीहरु, पञ्जीकरण सम्बन्धी VERSP, नागरिकता सम्बन्धी CCMIS र राष्ट्रिय परिचयपत्र सम्बन्धी NIDMIS बिच अन्तरआबद्धता भई राष्ट्रिय परिचयपत्रको Pre Enrollment Form भर्नुपर्ने बाध्यता हट्न गएको छ,

**५.५.** सेवा प्रवाहमा थप सुधार गर्न ९ वटा ईलाका प्रशासन कार्यालयहरुको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरिएको छ जसबाट स्थानीय नागरिकमा सेवा प्रवाह सहज भएको,

**५.६.** भिजिट भिसामा विदेश जाने नेपाली नागरिकहरूका लागि नयाँ सरलीकृत कार्यविधि जारी गरी अध्यागमन प्रशासनमा हुने अनियमिततालाई नियन्त्रण गरिएको,

**५.७.** विदेशी नागरिकहरूलाई भिसा प्राप्तिमा सहजताको लागि International Card Payment को सुरूवात गरिएको,

**५.८.** भिजिट भिसाको समस्या समाधान सम्बन्धमा उच्चस्तरीय समितिको प्रतिवेदन कार्यान्वयन गरिएको,

**५.९.**अध्ययन भिसा, व्यावसायिक भिसामा कडाइ गरी भिसाको दुरुपयोग रोक्न सम्बद्ध निकायहरूलाई लेखि पठाइएको, विदेशी नागरिकहरूको अनुगमनलाई तिव्रता दिइएको,

**५.१०.** विदेशी नागरिकहरूको नियमनलाई प्रभावकारी बनाउनको लागि Foreign National Information Management System प्रणाली निर्माण गरी सन् २०२६ जनवरी १ देखी प्रथम चरणमा काठमाडौं उपत्यकाका तारे होटलहरूबाट लागू गरिएको,

**५.११.** कसूरजन्य सम्पति व्यवस्थापन विभागबाट सबै अनुसन्धानकारी, अभियोजनकारी तथा न्यायिक निकायको अनुसन्धान, अभियोजन तथा मुद्धाहरुसँग सम्बन्धित सम्पत्ति तथा साधनको एकीकृत विवरण सङ्कलन तथा व्यवस्थापन कार्यका लागि Proceeds of Crime Management Information System(PCMIS) निर्माणको लागि खरिद प्रक्रिया शुरु गरिएको,

**५.१२.** यातायात क्षेत्र सम्बन्धि सर्वोच्च अदालतको आदेशहरु कार्यान्वयन गर्ने सम्बन्धमा ३ सदस्यीय जाँचबुझ आयोगबाट प्रतिवेदन प्राप्त भएको र प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,

**५.१३.** सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागबिच सम्पत्ति शुद्धीकरण निवारण प्रणालीलाई प्रभावकारी बनाउन दुई निकायबिचको साविकको समझदारीलाई अद्यावधिक गरिएको,

**५.१४.** कसूरजन्य सम्पत्तिको एकीकृत विवरण सङ्कलन तथा व्यवस्थापन सम्बन्धमा सम्पत्तिशुद्धीकरण अनुसन्धान विभागबाट हालसम्म अनुसन्धानका क्रममा बरामद भएको, रोक्का तथा धरौटी राखिएको गरी रु २४ करोड ९७ लाख रकम कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको धरौटी खातामा जम्मा गरिएको,

**५.१५.** मिटरव्याज पीडितलाई थप पीडा नहोस् भन्ने अभिप्रायले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विवाद संवेदनशील भई समाधान गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिईएको,

**५.१७.** राष्ट्रिय परिचयपत्र प्रणाली र निजामती किताबखानाको प्रणालीबिच अन्तरआवद्धता गरिएको यसबाट निजामती कर्मचारीको एकिकृत अभिलेख प्रणाली रहने व्यवस्था भएको,

**५.१८.** कसूरजन्य सम्पतिको रुपमा रहेको २७२७.४२४ वर्ग मि. जग्गा सरकारीकरण गरिएको (नेपाल सरकारको नाममा ल्याईएको),

# च )विपद व्यवस्थापन

विपद व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्न विगत वर्षहरुमा भन्दा फरक ढंगले नयाँ प्रतिकार्य योजनाहरु तर्जुमा गरी प्रभावकारी रुपमा विपद व्यवस्थापन गर्यौं।
विशेषगरी २०८२ असोजमा जल तथा मौसम विभागको पूर्वानुमान बमोजिम केन्द्रदेखि स्थानीय तहसम्म पूर्व सावधानी प्रणाली (Early Warning System) लाई सक्रिय बनाई जोखिमयुक्त ठाउँबाट सुरक्षित स्थानमा स्थानान्तरण गरीयो।

**६.१.** मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ अनुरुप २०८२ असोज १७ देखि २० गतेसम्म भएको भारी तथा अति भारी वर्षाको पूर्वानुमान भएपछि प्रभावकारी पूर्वतयारी एवं प्रतिकार्य गरेको र उक्त समयमा उच्च सतर्कताको सूचना जारी एवं कमाण्ड सेन्टर स्थापनालगायत कार्य गरिएको साथै २०८२ कार्तिक दोस्रो साता हिमपातसम्बन्धी पूर्वानुमान भएलगत्तै सतर्कताका लागि सूचना जारी गर्ने लगायतका पूर्वतयारी एवं प्रतिकार्यमा सबै तहको सरकार तथा नागरिकको सहभागीता गराई क्षति न्यूनीकरण गरिएको,

**६.२.** मिति २०८२ असोज १७ गते देखि २० गतेको जल तथा मौसम विभागको पूर्वानुमान बमोजिम केन्द्र देखि स्थानीय तहसम्म पूर्व सावधानी प्रणाली (Early Warning System) लाई सक्रिय बनाई सबै सरोकारवाला निकायहरू मार्फत् बढी भन्दा बढी सूचना सम्प्रेषण र प्रवाह गरिएको, यस क्रममा करिब ६५ लाख भन्दा बढी पूर्वसावधानी र सतर्कताका लागि सन्देशहरू (SMS) प्रवाह गरिएको, सुरक्षाकर्मी तथा स्वयंसेवकबाट ४२५७ जनाको र १२ वटा उद्दार उडान/हेलिकप्टरमार्फत १८ जना व्यक्तिको उद्दार गरिएको, ३७२९ जनालाई जोखिमयुक्त ठाउँबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको,

**६.३.** इलाम जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी अत्यावश्यक सेवा सुचारू गर्न विपद्को प्रभावको आधारमा ६०, ५० र ४० लाखका दरले स्थानीय तहलाई रू ५ करोड ३० लाख रकम पठाइएको,

**६.४.** विपद व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्न यस आ व मा विगत वर्षहरुमा भन्दा फरक ढंगले तपशिल बमोजिमका ३ प्रकारका प्रतिकार्य योजना तर्जुमा गरी प्रभावकारी रुपमा विपद व्यवस्थापन गरिएको,

**६.४.१.**वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८२,शीतलहर पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२,

**६.४.२.**हिमपात पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना,२०८२्

**६.५.** मनाङ, मुस्ताङ, म्याग्दी लागायतका जिल्लाहरूको उच्च हिमाली क्षेत्रहरूमा फसेका ८१८ स्वदेशी पर्यटकहरू र १२७ विदेशी पर्यटकहरू गरी कूल जम्मा: ९४५ जना व्यक्तिहरुको उद्दार गरिएको,

# छ)वैदेशिक सम्बन्ध/ कुटनीति/ मानव अधिकार/समन्वय/सक्रियता

यस अवधिमा नेपालस्थित २५ भन्दा बढी कुटनीतीक पदाधिकारी/समूहसँग शिष्टाचार भेट सम्पन्न गरेका छौं। यसबाट दुई देश/पक्षबिच आपसी सम्बन्ध प्रगाढ बनाई आपसी हित प्रवर्धनमा थप टेवा पुगेको छ भने कुटनैतिक समुदायले नेपाललाई हेर्ने दृष्टिकोणलाई सकारात्मक बनाएको छ।
तराई मधेशका जिल्लाहरुमा धार्मिक तथा साम्प्रदायिक हिंसा भड्किन नदिन सरोकारवाला निकायहरु जस्तै: मुस्लिम आयोग, मधेशी आयोग, हिन्दु महासंघका पदाधिकारी, राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसँग भेटघाट र समन्वय गर्यौं। जसका कारण धार्मिक, सांस्कृतिक र जातीय द्वन्दलाई न्यूनीकरण गर्दै आपसी सद्भाव कायम गर्न मद्दत पुग्यो।

**७.१.** विभिन्न कारणले आफ्नो देश फर्किन नसकि नेपालमा अड्किएर बसेका विदेशीलाई नियमानुसार कानूनी प्रकृया पूरा गरी आफ्नो देश फर्काउने गरिएको,

**७.२.** नेपालस्थित कुटनीतिक निकायका पदाधिकारीहरुसँग नियमित भेटघाट गरिएको (२५ भन्दा बढी कुटनीतिक निकायका पदाधिकारीको टोलीसँग शिष्टाचार भेटघाट गरिएको),

**७.३.** मानव अधिकार हननका घटनाहरु हुन नदिन तथा तराई मधेशका जिल्लाहरुमा धार्मिक तथा साम्प्रदायिक हिंसा भड्किन नदिन मुस्लिम आयोग, मधेशी आयोग, हिन्दु महासंघका पदाधिकारी, राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसँग भेटघाट र समन्वय गरिएको साथै मधेशी आयोग तथा मुस्लिम आयोगमा स्वयं उपस्थित भई समन्वय गरिएको,

**७.४.** हरेक दिन मन्त्रालयमा मन्त्रालयसँग सम्बन्धित कार्यसम्पादनमा व्यस्त भएको। आफ्नो कार्यकाल (१९१ दिन/ ४६३२ घन्टा) को अधिकांश समय सार्वजनिक बिदामा समेत हरेक दिन मन्त्रालयमा उपस्थित भई मन्त्रालयकै कार्यमा अनुगमन, निरीक्षण गरी पूर्ण समय आफ्नो जिम्मेवारी निर्वाह गरेको। समूहमा काम गर्ने र सामूहिक उत्तरदायित्वका साथ जिम्मेवारी पूरा गरेको।

अन्त्यमा, यस मन्त्रालयका सचिव, सबै सुरक्षा निकायका प्रमुख, मन्त्रालयका उच्च अधिकारी,विभिन्न महाशाखा र विभागीय प्रमुखहरू र जिल्ला सुरक्षा समितिका सम्पूर्ण अधिकारीका साथै निजी सचिवालयमा रही निष्ठा र ईमान्दारीका साथ कार्य गर्ने निजी सचिव सहित सम्पूर्ण कर्मचारीहरू, स्वकीय सचिवालयका प्रमुख स्वकीय उप-सचिव,विषय विज्ञ समेतको सचिवालय टिमले सम्पादन गर्नु भएको कार्यको उच्च प्रशंसा गर्दछु।

मलाई विश्वास गरी गृह मन्त्रालयको जिम्मेवारी सुम्पिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूप्रति कृतज्ञ छु। यस कठिन परिस्थितिमा देशको उच्च नेतृत्व गरी निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने कार्यको नेतृत्व गर्नुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !!!**

# कार्यकालका केही तस्बिरहरू












माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको
१९१ दिन











माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको
१९१ दिन








माननीय गृहमन्त्री ओमप्रकाश अर्यालको
१९१ दिन